आज मिति २०७८ साल श्रावण २२ गते शुक्रवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | अनुपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| वरिष्ठ प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: गत बैठकको निर्णयहरु समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: विभिन्न कार्यविधिहरु निर्माण,संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.३: व्यास नगर कोभिड अस्पताल शुभारम्भ गर्ने सम्बन्धमा ।
प्रस्तान नं.४: नगर विकास कोषको सहयोगमा निर्माण हुने बहुउद्देश्य भवनको आवश्यक तयारी सम्बन्धमा ।
प्रस्ताव नं.५: व्यास नगर समता विद्यालय सञ्चालनको आवश्यक तयारी सम्बन्धमा ।
प्रस्ताव नं.६: संगठन व्यवस्थापन र शाखा, उपशाखा व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.७: जनशक्ति एवं कार्य जिम्मेवारी व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.८: नियम सम्बन्धी भए गरेका कामको अनुमोदन एवं थप गर्नु पर्ने कार्य बारे ।
प्रस्ताव नं.९: कोभिड - १९ को प्रभाव र न्यूनीकरण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: विद्यालय व्यवस्थापन गठन सम्बन्धमा ।
प्रस्ताव नं.११: शिक्षक सरुवा सम्बन्धमा ।
प्रस्ताव नं.१२: कक्षा ११ र १२ मा विषय थप तथा कक्ष थप सम्बन्धमा ।
प्रस्ताव नं.१३: इजाजत पत्र अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१४: प्रस्ताव तयार गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१५: भुक्तानी दिने सम्बन्धमा ।
प्रस्ताव नं.१६: ठेक्का टेण्डर म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.१७ प्राविधिक भत्ता सम्बन्धमा ।
प्रस्ताव नं.१८: सामी परियोजनको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.१९: जग्गा पारित सम्बन्धमा ।
प्रस्ताव नं २०: सर्वजानिक बिदा सम्बन्धमा ।
प्रस्ताव नं.२१: अत्यावश्यक प्रकृतिका योजना तथा कार्यक्रममा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.२२: परिषद् गठन प्रस्ताव माग सम्बन्धमा ।
प्रस्ताव नं.२३: सामाजिक सुरक्षा भत्ताको बैंक स्थानान्तरण सम्बन्धमा ।
प्रस्ताव नं.२४ मतदान नामावली संलकन तथा अध्यावधी कार्य सम्बन्धमा ।
प्रस्ताव नं.२५ स्वास्थ्य संस्थाको भवन निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.२६ बाल मन्दिर मा.वि.को निर्णय अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.२७ नसाटिएको चेक रकम भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.२८ भाडा रकम छुट सम्बन्धमा ।
प्रस्ताव नं.२९ सेवा करारका कर्मचारीको म्याद थप र सेवा सुविधा सम्बन्धमा ।
प्रस्ताव नं.३० व्यास ५ मानुङ क्षेत्रको पर्यटकीय प्रवर्द्धन वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.३१ दमौली सेन्ट्रलपार्क पूर्वाधार निर्माण सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं.१ :** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा २०७८।४।७ गते बसेको कार्यपालिका बैठकबाट भएको निर्णयहरु र कार्यान्वयन सम्बन्धमा समीक्ष गरी कार्यान्वयन हुन बाँकी निर्णयहरुको कार्यान्वयनका लागी कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२ :** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकालाई तत्काल आवश्यक देखिएको निम्न लिखित कार्यविधिहरु प्रशासकीय कार्यविधि ऐन, २०७५ को दफा ४ (१) अनुसार पारित गर्ने निर्णय गरियो ।

(क) व्यास नगर समता आवासीय विद्यालय सञ्चालन कार्याविधि, २०७८

(ख) व्यास नगर कोभिड व्यवस्थापन अस्पताल सञ्चालन कार्यविधि, २०७८

(ग) व्यास नगर एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७८

(घ) व्यास नगर कृषि उपकरण व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८

**निर्णय नं.३ :** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ३५ औ नगर सभाबाट २५ वेडको व्यास नगर कोभिड व्यवस्थापन अस्पताल वडा नं.१० दुम्सी आधारभूत स्वास्थ्य केन्द्र रहेको दुम्सी वजारमा स्थापना गर्न निर्णय भए अनुसार आजैबाट सेवा शुभारम्भ गर्ने र कम्पाउण्डसमेत २५ वेडको ट्रस

भवन निर्माण गर्न बजेट शीर्षक नं.७७८ बाट रु.१ करोड अन्तर्गत तत्काल टेन्डर प्रकिया प्रारम्भ गरी निमाण प्रकिया अघि बढाउन शहरी पूर्वाधार तथा प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो । साथै उक्त भवन निर्माण पछि अस्पतालको औपचारिक उद्घाटन गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं.४ :** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका र नगर विकास कोषसँग भएको संम्झौता अन्तर्गत नगरपालिकाको पूर्वउत्तर तर्फ निर्माण हुन गइरहेको भवन निर्माणका लागी तत्काल वातावरणीय मूल्याङ्कन गर्ने, भवन निर्माण स्थलमा रहेको सभा कक्ष शिक्षा, वडा नं.३, स्वास्थ्य, जिन्सी, कृषि, पशु, सहकारी, महिला विकास, न्याय निरुपण, सरसफाई लगायतका शाखा उपशाखा व्यवस्थापन गर्न दक्षिणपूर्व तर्फ रहेको भवन र हाल सञ्चालनमा आएको बहुउद्देश्य भवनको छतमा तला थप निमार्ण गर्न शहरी पूर्वाधार तथा प्राविधिक शाखालाई निर्देशन दिने र व्यवसायिक उद्देश्यले सफा सडक तर्फ रहेका मुल गेटदेखि उत्तरतर्फको पसल कलवहरुलाई २०७८ पौष मसान्तसम्म छाड्ने गरी सूचना दिन राजश्व उपशाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५ :** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ३५ औं नगर सभाबाट पारित नीति कार्यक्रम अनुसार वाड नं.७ नरङ्गा शेषमटार स्थित क्यामिन छापथोक प्रा.वि.को घर जग्गामा मर्मत संभार, आवश्यक अन्य संरचना निर्माण गरी विद्यालय सञ्चालनको आवश्यक व्यवस्थापन अघि बढाउन शिक्षा तथा सामाजिक विकास शाखा र भूमि व्यवस्थापन तथा भवन नियमन उपशाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६ :** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका कर्मचारी सेवा व्यवस्थापन ऐन २०७८ बाट स्तरवृद्धि भएका कर्मचारीहरुको सम्बन्धमा कार्यपालिकाबाट २०७७ मा पारित संगठन व्यवस्थापन संरचनामा संशोधन गर्नु पर्ने देखिंदा उपप्रमुख श्री मिरा जोशीको संयोजकमा गठित संगठन व्यवस्थापन संरचना संशोधन प्रस्ताव समितिलाई २०७८।४।७ को बैठकबाट १५ दिनको समय दिई जिम्मा दिइएकोमा अध्ययन कार्य चलिरहेकाले १५ दिनको म्याद थपका लागि अनुरोध भएकोले आगामी २०७८ भाद्र ७ गते बैठकमा पेश गर्ने गरी म्याद थप गर्ने र हाललाई आर्थिक विकाश शाखा अन्तरर्गत रहेका कृषि, पशु, सहकारी उपशाखालाई कृषि, पशु तथा सहकारी विकाश शाखा, उद्योग पर्यटन उपशाखालाई उद्योग पर्यटन तथा संस्कृति प्रवर्द्धन शाखा, सरसफाई उपशाखालाई वन, वातावण तथा सरसफाई शाखा कायम गरी हाल ७ वटा शाखा रहेकोमा ९ शाखा आगामी नगर सभाबाट अनुमोदन हुने गरी तत्कालै कार्यान्वयनमा लैजाने निर्णय गरियो । साथै हाललाई निम्न लिखित शाखा र रिक्त उपशाखामा कर्मचारीहरुको व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय समेत गरियो ।

(१) शिक्षा तथा सामाजिक विकाश शाखा- श्री नगेन्द्रप्रसाद रेग्मी
(२) आन्तरिक लेखा परीक्षण शाखा - श्री कुमार कन्चन जि.सी.
(३) शहरी पूर्वाधार तथा प्राविधिक शाखा - डा. राजु पौडेल
(४) स्वास्थ्य तथा जनसंख्या शाखा - श्री प्रमोद सोती
(५) कृषि, पशु तथा सहकारी विकाश शाखा - डा. मनोज वि.क.
(६) उद्योग, पर्यटन तथा सँस्कृति प्रवर्द्धन शाखा- श्री मेघनाथ आचार्य
(७) वन, वातावरण तथा सरसफाई शाखा - श्री कृष्णराज घिमिरे
(८) सामान्य प्रशासन तथा जनशक्ति शाखा - श्री रामचन्द्र हडखले
(९) वित्तीय व्यवस्थापन शाखा - श्री हेमन्त गुरुङ

**निर्णय नं.७ :** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा निर्णय नं.६ मा कायम शाखा एवं जिम्मेवारी हेरफेर गर्नु पर्ने देखिन्छ निम्नानुसार गर्नु गराउनु हुन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

(क) शिक्षा तथा सामाजिक विकाश शाखा अन्तरर्गत - प्रशासन अधिकृत आठौ श्री राजेन्द्र कार्की
(ख) राजश्व उपशाखा प्रमुख रिक्त पदमा -अधिकृत छैटौं श्री विमल गिरी
(ग) भूमि व्यवस्थापनको कार्य जिम्मेवारी- वरिष्ठ इन्जिनियर, जग्गा विकास आयोजना प्रमुख श्री रविन्द्र लाल मुल

**निर्णय नं.८** : प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्र विपद् अन्तर्गत घर, खेत, कुलो, गोठ, बँगुर, बाख्रा खोर नोक्सान परेको वडा विपदबाट सिफरिस भई आएकोमा घरको हकमा नगर विपद् मार्फत जिल्ला विपद्मा पठाउने, त्यास्ता घरमा बस्न नमिली अन्यत्र बस्नु परेमा तत्काल राहतका लागी बढीमा २० हजारसम्म वडा विपद् र सम्बधित प्राविधिकको प्रतिवेदन लिई उपलब्ध गराउने, विपद् कोष अन्तरर्गतबाट रु.२५,००,०००। (पच्चीस लाख) सम्मको तारजाली खरिद गरी घर, खेत, कुलो, बाटो संरक्षण पुनर्स्थापनाका लागी वितरण गर्ने निर्णय गरियो । हालसम्म ७४ घर पूर्ण क्षति र १०७ घर आंशिक क्षति भनी प्राप्त प्रारम्भिक विवरणलाई विपद् अन्तर्गत सम्बन्धित वडा प्राविधिकबाट वस्तु स्थिति, ल.ई. प्रतिवेदन माग गर्ने समेत निर्णय गरियो । साथै तत्काल भुक्तानी दिनु पर्ने निम्न लिखित विपद् अन्तर्गतका कार्यहरुको भुतानी दिने निर्णय गरियो ।

(क) विपद अन्तर्गत तारजाली खरिद भइसकेको रु.४,३९,८७९।६४

(ख) व्यास १ र १३ जोड्ने छाब्दी खोलामा वैकल्पिक बाटो निर्माण ज्याला रु.६,५४,६१४।७०

(ग) वडा नं.९ बाटो मर्मत, सफाई, बाँध कुलो निर्माणमा रु.९४,०३३।

(घ) पुत्ले खेत संरक्षण (विरभद्र आचार्य) रु.८०,०००।

(ङ) दुम्सीबोटे खेत संरक्षण (हुमनाथ) रु.५०,०००।

**निर्णय नं.९** : प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा कोभिड - १९ को संक्रमण बढ्दै गएको अवस्था देखिदाँ सबै वडाहरुमा आवश्यकतानुसार संक्रमण परीक्षण अभियान सञ्चालन गर्न स्वास्थ्य तथा जनसंख्या शाखालाई र सबै वडा समिति, स्वास्थ्यकर्मी एवं स्वास्थ्य स्वयंसेवीहरुलाई सचेतना अभियान सञ्चालन गर्न निर्देशन दिने निर्णय गरियो । साथै सम्पूर्ण नगरवासीहरुमा मास्क अनिवार्य रुपमा प्रयोग गर्ने, साबुन पानीले नियमित हात धुन वा सेनिटाइजर प्रयोग गर्न, लापर्वाहीपूर्वक घर बाहिर नजान, सम्पूर्ण शैक्षिक संस्थाहरुलाई २०७८ श्रावण महिनाभर निषेधाज्ञा अवधिसम्म प्रत्यक्ष कक्षाहरु सञ्चालन नगर्न नगराउन सूचित गर्ने निर्णय समेत गरियो ।

**निर्णय नं.१०** : प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा भौतिक दुरी कायम गर्दै २०७८ श्रावण महिना भित्र नियमित अभिभावकहरुबाट विद्यालय व्यवस्थापन समिति गठन गर्न सबै वडा र विद्यालयलाई सूचित गर्ने निर्णय गरियो ।

**निर्णय नं.११** : प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा बाल मन्दिर मा.वि. व्यास-२ मा कार्यरत मा.वि. अंग्रेजी शिक्षक श्री कृष्णहरी गैरेलाई दरबन्दी सहित वाराही मा.वि. व्यास-११ मा र चण्डिदेवी रा.मा.वि व्यास-१० मा कार्यरत नि.मा.वि.अंग्रेजी शिक्षक श्री रामदत्त पौडेललाई पराशर मा.वि. व्यास-५ काजमा सरुवा गर्ने निर्णय गरियो । व्यास नगरपालिका वडा नं.९ स्थित माहेन्द्री मा.वि.मा नि.मा.वि. अंग्रेजी दरबन्दीका श्री टिकाराम दाहाललाई व्यास १० स्थित चण्डिदेवी रा.मा.वि.मा काज सरुवा गर्ने निर्णय गरियो । साथै अन्य विद्यालयहरुमा भएका विद्यार्थी संख्या र शिक्षक संख्या हेरी आगामी बैठकमा दरबन्दी मिलान प्रस्ताव गर्न शिक्षा तथा सामाजिक विकाश शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१२** : प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ मा सञ्चालित बाल मन्दिर मा.वि.मा शिक्षा व्यवस्थापन विषयमा १२ कक्षा थप र व्यास १ गल्वुवेशी स्थित मादीश्री संस्थागत विद्यालयमा शैक्षिक सत्र २०७८ बाट कक्षा ११ मा व्यवस्थापन विषय अध्यापन गराउन विषय थपको अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.१३** : प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा कार्यालयबाट कानुनी प्रक्रियाहरु पुरा गरी श्री ओजस्वी कन्स्ट्रक्सन व्यास -५ लाई घ वर्गको नयाँ निर्माण व्यवसायीको इजजात पत्र प्रदान भएकोमा उक्त कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४** : प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा अत्यावश्यक प्रकृतिका निम्न विषयहरुमा अध्ययन प्रस्ताव गर्ने गराउने निर्णय गरियो ।

(क) व्यास नगरपालिका वडा नं.१० मा निर्माण प्रस्ताव गरिएको व्यास अस्पतालको विस्तृत आयोजना प्रतिवेदन निमार्णको लागी शीर्षक नं.२१० बाट रु.३,००,०००। (तीन लाख) मात्र विनियोजन गर्ने गरियो ।

(ख) नगर विकास कोषको ऋण तथा नगरपालिकाको आफ्नै लागतमा निर्माण गर्न लागिएको व्यास नगरपालिकाको नयाँ बहुउद्देश्यीय भवनको प्रारम्भिक वातावरण परीक्षणको लागी शीर्षक नं.२१४ बाट रु.३,००,०००। (तीन लाख) मात्र विनियोजन गर्ने गरियो ।

(ग) नगर क्षेत्र भित्रको फोहोर पानी व्यवस्थापन र प्रशोधन सम्बन्धी अध्ययनको लागी शीर्षक नं.२१४ बाट रु.५,००,०००। (पाँच लाख) मात्र विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५ :** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१२ स्थित घाँसीकुवा स्वास्थ्य चौकीको छाना मर्मतको लागी प्राविधिक मूल्याङ्कन र बिल बमोजिमको रकम रु.१७,१८९। (सत्र हजार एक सय उनान्नब्बे रुपैयाँ) मात्र शीर्षक नं.७८१ बाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१६ :** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ स्थित माहेन्द्री मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण, वडा नं.११ स्थित पराशर मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण र वडा नं.७ र ८ अन्तर्गत कालिका मार्ग कालोपत्रे तथा पक्की नाला निर्माण योजनाको लागि श्री निम्बल कन्स्ट्रक्सन एण्ड कम्पनी प्रा.लि. पोखरा कास्की र यस कार्यालय बीच आर्थिक वर्ष २०७६/०७७ मा सम्झौता भएकोमा कोभिड १९ लगायत विभिन्न कारण देखाई म्याद थपको लागी पेश भई आएको हुदाँ मिति २०७८।०६।१५ गते सम्म म्याद थप गने निर्णय गरियो ।

**निर्णय नं.१७ :** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा वडा नं.२ र १२ मा कार्यरत प्राविधिक श्री प्रविण कैनी र श्री दिनेश काफ्लेलाई नियमनुसार अन्य वडाका प्रविधिकले पाए सरह प्रविधिक भत्ता २०७८ श्रावण महिनादेखि लागु हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१८ :** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा सञ्चालित सामी परियोजनाको सेवा प्रदायक संस्था ग्रामिण सशक्तीकरण समाज तनहुँलाई आ.व.०७८।०७९ का लागी म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९ :** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.६ स्याम्घा निवासी लक्ष्मीप्रसाद श्रेष्ठका छोरा श्री हरिप्रसाद श्रेष्ठले आफ्नो नाउँमा भएको स्याम्घा हटिया वडा नं.६/ग, कि.नं. ४५९ को क्षेत्रफल ०-८-३-२ मध्ये वडा कार्यालय भवन भएको कि.नं.२०८ सँग जोडिने गरी ०-३-०-० जग्गा भवन निर्माणका लागी निशुल्क प्रदान गर्न निवेदन दिनु भएकोले मालपोत कार्यालयबाट कायम न्यूनत्तम मूल्य राखी रजिष्ट्रेशन शुल्क नगरपालिकाले व्यहोर्ने गरी जग्गा प्राप्त गर्ने निर्णय गरियो । साथै उक्त जग्गा पारित गर्न नगरपालिकाको तर्फबाट जिन्सी हेर्ने कर्मचारी ना.सु.श्री कृष्णप्रसाद पौडेललाई प्रतिनिधि मुकरर गर्ने निर्णय समेत गरियो ।

**निर्णय नं.२० :** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा २०७८।०४।२५ गते विश्व आदिवासी दिवस भएकोले उक्त दिन व्यास नगरपालिका अन्तर्गत सबै कार्यालयहरुमा बिदा गर्ने र कोभिडको खोप लगाउने कार्य सुचारु रहने निर्णय गरियो ।

**निर्णय नं.२१ :** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तरर्गत निम्न लिखित अत्यावश्यक कार्यहरु निम्न शिर्षकहरुबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।
(क) शैक्षिक व्यारेक व्यास ५ चापाघाट- व्यारेक मञ्च निर्माण रु.१०,००,०००। (खेलकुद)
(ख) पडके पानी खानेपानी ट्याकी मर्मत वडा नं.१२ रु.९०,०००। (विपद)
(ग) नगरपालिका भवनमा पाइपद्वारा नालाको पानी फाल्ने कार्य रु.९९,९००।
(घ) स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र निर्माणमा रु.४,७९,०००। (विपद)
(ङ) बन्दीपुर ६, व्यास १४ जोड्ने पुल संरक्षणका लागि रु.५,८५,०००। (विपद)

**निर्णय नं.२२ :** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०७८ को दफा ७ (१) बमोजिम निम्न लिखित सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।
(क) संयोजक -उपप्रमुख श्री मिरा जोशी
(ख) सदस्य-श्री काजीमान श्रेष्ठ-व्यास १४
(ग) सदस्य-श्री कल्पना पोखेल-व्यास२

(घ) सदस्य- श्री महाप्रसाद हड्खले
(ङ) सदस्य- श्री नारायणप्रसाद गौतम

**निर्णय नं.२३** : प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.२ अन्तर्गत सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहीहरुको भत्ता एन.एम.वि बैङ्क मार्फत वितरण हुँदै आएकोमा उक्त बैंकले वडा घटाई पाउँ भनी पत्राचार गरेको र वडा नं.२ ले मुक्तिनाथ विकास बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था गरी पाउँ भनी माग भई आएकोले सोही अनुसार एन.एम.वि. बैंकबाट वडा नं.२ का लाभग्राहीलाई मुक्तिनाथ विकास बैंकमा स्थानान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४** : प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा १८ वर्ष पुगेका नेपाली नागरिकहरुको मतदान नामावली संकलन भइरहेको र नागरिकताको ठेगाना र हाल बसोबास गरेको ठेगाना फरक परेमा मतदान नामावलीमा ठेगाना परिवर्तन गर्न परेमा मतदान परिचय पत्रमा त्रुटी भएमा, मतदान नामावलीबाट मृत्यू भएका वा दोहोरो नाम परेकालाई हटाउन परेमा अध्यावधी कार्य चलिरहेकोले जिल्ला निर्वाचन कार्यालय तनहुँमा सम्पर्क गर्नु गराउनु हुन भनी सम्बन्धित सबै वडा कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निणर्य नं.२५** : प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तरर्गत वडा नं ६ रातमाटामा रहेको स्याम्घा स्वास्थ्य संस्था, वडा १२ मा रहेको घासीँकुवा स्वास्थ्य संस्थामा र व्यास १४ मा रहेको केशवटार स्वास्थ्य संस्थाको पक्की भवन नभएकोले उक्त स्वास्थ्य संस्थाको पक्की भवन निर्माणका लागी प्रदेश सरकार र संघीय सरकार स्वास्थ्य मन्त्रालयमा यस अघि पनि माग भएकोमा हालसम्म पनि भवन निर्माण योजना स्वीकृत नभएकोले उक्त तीनै स्थानको भवन निर्माणका लागी माग गरी पठाउने निर्णय गरियो ।

**निणर्य नं.२६** : प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा विद्यालय व्यवस्थापन समितिको मिति २०७८।३।३१ गतेको निर्णय अनुसार बाल मन्दिर मा.वि.का प्रधानाध्यापक श्री कृष्णहरि गैरेले २०७८।४।१ गतेबाट लागु हुने गरी दिनुभएको राजीनामा स्वीकृत र सोही मितिदेखि लागु हुने गरी मा.वि. तृतीय श्रेणीमा कार्यरत शिक्षक श्री राजेन्द्र प्रसाद खनाललाई प्रधानाध्यापक नियुक्त सम्बन्धी विद्यालय व्यवस्थापन समितिको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२७** : प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०७७।०७८ को असार मसान्तमा जारी गरिएको यस कार्यालयको विभिन्न योजना तथा कार्यक्रमहरुको चेकहरु विविध कारणवस समयमा साटिन नसकी म्याद गुज्रिन गएकोले उक्त योजना तथा कार्यक्रमहरुको चालु तर्फको रु.१,७०,०००।, विविध फुटकर चालु, पूँजीगत तर्फको रु.१,६०,०००। विविध फुटकर योजना र प्रकोप व्यवस्थापन कोरोना कोष तर्फको रु.५६,१४८। कोरोना कोषबाट गरी जम्मा रु.३,८६,१४८। आर्थिक वर्ष २०७८।०७९ को माथि उल्लेखित बजेट खर्च शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.२८** : प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत सटर भाडामा लिएर व्यवसाय संचालन गरेका व्यवसायीहरुबाट कोभिड १९ को कारण देखाई भाडा छुट सुविधा माग गर्नु भएकोमा संस्थागत बाहेक व्यक्तिगत रुपमा भाडामा रहनु भएका व्यवसायीहरुलाई यस अगाडिको नगरपालिकालाई बुझाउनुपर्ने सम्पूर्ण बाँकी बक्यौता रकम मिति २०७८।५।१५ भित्र बुझाएमा मात्र १ महिना बराबरको भाडा छुट दिने निर्णय गरियो ।

**निर्णय नं.२९** : प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद २०७८ आषाढ मसान्तमा समाप्त भएको हुँदा २०७८ श्रावण १ गतेदेखि २०७८ पौष मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो । साथै सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा नेपाल सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रक कार्यालयको मिति २०७६।९।११ र सामान्य प्रशासन मन्त्रालयको २०७४।१।२५ को परिपत्रलाई आधारमानी देहाय बमोजिमका सुविधाहरु उपलब्ध गराउने निर्णय गरियो ।

(क) कम्तिमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक (१) महिनाको आधारभूत पारिश्रमिक बराबरको चाडपर्व खर्च उपलब्ध गराउने ।

(ख) सार्वजनिक बिदा बाहेक वार्षिक रुपमा सञ्चित भई जिम्मेवारी नसर्ने गरी मासिक रुपमा १ (एक) दिन बिदा दिने ।

(ग) कृया बिदा १५ (पन्ध्र) दिन दिने ।
(घ) सुत्केरी बिदा सुत्केरी हुनु अघि वा पछि गरी बढीमा ६० (साठ) दिन प्रदान गर्ने ।
(ङ) बिरामी बिदाको हकमा शल्यक्रिया गरी अस्पताल भर्ना भई उपचार गराउनु परेमा बढिमा १२ दिन ।
(च) सालबसाली रुपमा १ (एक) पटक चैत्र महिनामा अन्य स्थायी कर्मचारीले पाए सरह पोशाक भत्ता उपलब्ध गराउने ।
(छ) करार सेवाका कर्मचारीहरुको तलब कायम गर्दा नेपाल सरकारले तोकेको न्यूनत्तम पारिश्रमिकमा नघट्ने गरी कायम गर्ने ।
(ज) योजना शाखा अन्तर्गत कार्यरत प्राविधिक कर्मचारीहरुले ग्रामिण वडामा भए २० लिटर र शहरी वडामा भए १५ लिटर इन्धन सुविधा पाउने गरी तपसिल अनुसार मासिक पारिश्रमिक, महंगी भत्ता र अन्य भत्ता उपलब्ध गराइने छ ।
(झ) सेवा करामा कार्यरत कर्मचारीहरुको तलब र भत्ता देहाय बमोजिम रहेको छ :

| क.सं. | पद | कर्मचारीहरुको नाम थर | तलब स्केल | प्रोत्साहन भत्ता | जम्मा |
|---|---|---|---|---|---|
| १ | सुचना प्रविधि अधिकृत | श्री विशाल पण्डित | ३७,९९०।०० | ८,०००।०० | ४५,९९०।०० |
| २ | इन्जिनियर | श्री विरेन्द्र थापा | ३७,९९०।०० | ८,०००।०० | ४५,९९०।०० |
| ३ | शाखा अधिकृत | श्री विमल गिरी | ३७,९९०।०० | ३,५००।०० | ४१,४९०।०० |
| ४ | इन्जिनियर | श्री मनोज कैनी | ३७,९९०।०० | ८,०००।०० | ४५,९९०।०० |
| ५ | इन्जिनियर | श्री रोचक क्षेत्री | ३७,९९०।०० | ७,०००।०० | ४४,९९०।०० |
| ६ | ईन्जिनियर | श्री प्रविण कैनी | ३७,९९०।०० | ६,०००।०० | ४३,९९०।०० |
| ७ | ईन्जिनियर | श्री कमल शर्मा | ३७,९९०।०० | ६,०००।०० | ४३,९९०।०० |
| ८ | ईन्जिनियर | श्री कपिल रिजाल | ३७,९९०।०० | २,०००।०० | ३९,९९०।०० |
| ९ | बजार केन्द्र उत्प्रेरक | श्री राजुहरी पण्डित | ३७,९९०।०० | २,०००।०० | ३९,९९०।०० |
| १० | कार्यक्रम अधिकृत | श्री सन्तोष गोदार | ३७,९९०।०० | ०।०० | ३७,९९०।०० |
| ११ | जुनियर इन्जिनियर | श्री भगवान जोशी | ३०,२००।०० | ७,०००।०० | ३७,२००।०० |
| १२ | जुनियर इन्जिनियर | श्री प्रदिप पौडेल | ३०,२००।०० | ७,०००।०० | ३७,२००।०० |
| १३ | सव इन्जिनियर | श्री सन्तोष श्रेष्ठ | ३०,२००।०० | ७,०००।०० | ३७,२००।०० |
| १४ | सव इन्जिनियर | श्री सुशिल खनाल | ३०,२००।०० | ७,०००।०० | ३७,२००।०० |
| १५ | सव इन्जिनियर | श्री यात्रा बहादूर दरै | ३०,२००।०० | ०।०० | ३०,२००।०० |
| १६ | सि.सवओ.सी. चौथों | श्री हरिप्रसाद तिवारी | २८,६१०।०० | ६,०००।०० | ३४,६१०।०० |
| १७ | सवओभरसियर | श्री संजय तिमल्सेना | २८,६१०।०० | ६,०००।०० | ३४,६१०।०० |
| १८ | अमिन | श्री रोहित दरै | २८,६१०।०० | ०।०० | २८,६१०।०० |
| १९ | अमिन | श्री अमन सेढाई | २८,६१०।०० | ०।०० | २८,६१०।०० |
| २० | महिला कार्यकर्ता | श्री विन्दु पौडेल | २८,६१०।०० | १,०००।०० | २९,६१०।०० |
| २१ | सरसफाई व्यवस्था. | श्री कल्पनादेवी पौडेल | २८,६१०।०० | १,०००।०० | २९,६१०।०० |
| २२ | इलेक्ट्रिसियन | श्री पूर्णबहादुर दरै | २८,६१०।०० | १,०००।०० | २९,६१०।०० |
| २३ | जेसिभि चालक | श्री राजु पौडेल | २८,९९०।०० | १,८००।०० | ३०,७९०।०० |
| २५ | खा.पा.स.टे | श्री बद्री नाथ पण्डित | २४,०१०।०० | १,०००।०० | २५,०१०।०० |
| २४ | बारुण यन्त्र चालक | श्री चन्द्रबहादुर श्रेष्ठ | २८,९९०।०० | २,०००।०० | ३०,९९०।०० |
| २६ | हलुका सवारी चालक | श्री दिनेश गुरुङ | २४,०१०।०० | ४,०००।०० | २८,०१०।०० |
| २७ | नगर प्रहरी सहायक निरीक्षक | श्री आषिक परियार | २५,०००।०० | ०।०० | २५,०००।०० |
| २८ | कार्यालय सहायक | श्री प्रतिक्षा लोहनी | २३,०००।०० | ०।०० | २३,०००।०० |
| २९ | सामाजिक परिचालक | श्री पूर्णीमा गुरुङ | २३,०००।०० | ०।०० | २३,०००।०० |
| ३० | सामाजिक परिचालक | श्री जमिला खातुन | २३,०००।०० | ०।०० | २३,०००।०० |
| ३१ | सामाजिक परिचालक | श्री रञ्जना वि.क. | २३,०००।०० | ०।०० | २३,०००।०० |
| ३२ | सामाजिक परिचालक | श्री मैना अधिकारी श्रेष्ठ | २३,०००।०० | ०।०० | २३,०००।०० |
| ३३ | सामाजिक परिचालक | श्री सिमा राना मगर | २३,०००।०० | ०।०० | २३,०००।०० |
| ३४ | सामाजिक परिचालक | श्री प्रतिक्षा आचार्य | २३,०००।०० | ०।०० | २३,०००।०० |
| ३५ | सामाजिक परिचालक | श्री स्मृती वि.क. | २३,०००।०० | ०।०० | २३,०००।०० |
| ३६ | सामाजिक परिचालक | श्री अम्बिका खनाल रिमाल | २३,०००।०० | ०।०० | २३,०००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | सामाजिक परिचालक | श्री सावित्री थापा | २३,०००।०० | ०।०० | २३,०००।०० |
| ३८ | सामाजिक परिचालक | श्री इन्दिरा न्यौपाने घिमिरे | २३,०००।०० | ०।०० | २३,०००।०० |
| ३९ | सामाजिक परिचालक | श्री जानुका तिमिल्सिना | २३,०००।०० | ०।०० | २३,०००।०० |
| ४० | सामाजिक परिचालक | श्री शान्ता पौडेल रानाभाट | २३,०००।०० | ०।०० | २३,०००।०० |
| ४१ | सामाजिक परिचालक | श्री एलिना राना थापा | २३,०००।०० | ०।०० | २३,०००।०० |
| ४२ | सामाजिक परिचालक | श्री शिव शर्मा पन्थ | २३,०००।०० | ०।०० | २३,०००।०० |
| ४३ | सामाजिक परिचालक | श्री अनिता वि.क. | २३,०००।०० | ०।०० | २३,०००।०० |
| ४४ | सामाजिक परिचालक | श्री इन्दिरा वाग्ले | २३,०००।०० | ०।०० | २३,०००।०० |
| ४५ | सामाजिक परिचालक | श्री सम्झना अधिकारी मिश्र | २३,०००।०० | ०।०० | २३,०००।०० |
| ४६ | सामाजिक परिचालक | श्री मञ्जु आचार्य | २३,०००।०० | ०।०० | २३,०००।०० |
| ४७ | सामाजिक परिचालक | श्री नर्वदा काफ्ले | २३,०००।०० | ०।०० | २३,०००।०० |
| ४८ | सामाजिक परिचालक | श्री विन्दु ढकाल | २३,०००।०० | ०।०० | २३,०००।०० |
| ४९ | कार्यालय सहायक | श्री सरोज गुरुङ | २३,०००।०० | ०।०० | २३,०००।०० |
| ५० | कार्यालय सहायक | श्री ईश्वर दरै | २३,०००।०० | ०।०० | २३,०००।०० |
| ५१ | कार्यालय सहायक | श्री मुना तामाङ | २३,०००।०० | ०।०० | २३,०००।०० |
| ५२ | हलुका सवारी चालक | श्री हरिबहादुर बोटे | २२,०१०।०० | ८००।०० | २२,८१०।०० |
| ५३ | नगर प्रहरी जवान | श्री मिलनध्वज अधिकारी | २१,४८०।०० | ०।०० | २१,४८०।०० |
| ५४ | नगर प्रहरी जवान | श्री भोजबहादर कार्की | २१,४८०।०० | ०।०० | २१,४८०।०० |
| ५५ | नगर प्रहरी जवान | श्री विष्णुप्रसाद लामिछाने | २१,४८०।०० | ०।०० | २१,४८०।०० |
| ५६ | नगर प्रहरी जवान | श्री रविचन्द्र गौली | २१,४८०।०० | ०।०० | २१,४८०।०० |
| ५७ | नगर प्रहरी जवान | श्री कृष्णबहादुर दरै | २१,४८०।०० | ०।०० | २१,४८०।०० |
| ५८ | नगर प्रहरी जवान | श्री सुरेश कंडेल | २१,४८०।०० | ०।०० | २१,४८०।०० |
| ५९ | नगर प्रहरी जवान | श्री प्रविन गुरुङ | २१,४८०।०० | ०।०० | २१,४८०।०० |
| ६० | नगर प्रहरी जवान | श्री विष्णु पाण्डे | २१,४८०।०० | ०।०० | २१,४८०।०० |
| ६१ | नगर प्रहरी जवान | श्री हेमबहादुर वि.क. | २१,४८०।०० | ०।०० | २१,४८०।०० |
| ६२ | नगर प्रहरी जवान | श्री कविता श्रेष्ठ | २१,४८०।०० | ०।०० | २१,४८०।०० |
| ६३ | नगर प्रहरी जवान | श्री अञ्जना परियार | २१,४८०।०० | ०।०० | २१,४८०।०० |
| ६४ | नगर प्रहरी जवान | श्री सरस्वती कडारिया पन्थ | २१,४८०।०० | ०।०० | २१,४८०।०० |
| ६५ | नगर प्रहरी जवान | श्री विञ्जु अधिकारी | २१,४८०।०० | ०।०० | २१,४८०।०० |
| ६६ | नगर प्रहरी जवान | श्री विमला अस्लामी मगर | २१,४८०।०० | ०।०० | २१,४८०।०० |
| ६७ | नगर प्रहरी जवान | श्री राजेन्द्रबहादुर कुमाल | २१,४८०।०० | ०।०० | २१,४८०।०० |
| ६८ | नगर प्रहरी जवान | श्री गोविन्दबहादुर नेपाली | २१,४८०।०० | ०।०० | २१,४८०।०० |
| ६९ | ह.स.चा. | श्री विकास श्रेष्ठ | २२,०००।०० | ३,०००।०० | २५,०००।०० |
| ७० | ह.स.चा. | श्री बम बहादुर घर्ती | २२,०००।०० | ०।०० | २२,०००।०० |
| ७१ | हे.स.चा. | श्री काजिमान श्रेष्ठ | २२,०००।०० | ०।०० | २२,०००।०० |
| ७२ | हलुका सवारी चालक | श्री सूर्यबहादुर कुमाल | २१,२००।०० | १,८००।०० | २३,०००।०० |
| ७३ | कार्यालय सहयोगी | श्री तिलका रानाभाट | २१,०००।०० | १,०००।०० | २२,०००।०० |
| ७४ | कार्यालय सहयोगी | श्री खिम बहादुर दरै | २१,०००।०० | १,०००।०० | २२,०००।०० |
| ७५ | कुचीकार | श्री सिता दरै | २१,०००।०० | १,६००।०० | २२,६००।०० |
| ७६ | कुचीकार | श्री सममाया कुमाल | २१,०००।०० | १,६००।०० | २२,६००।०० |
| ७७ | कुचीकार | श्री मनिलाल कुमाल | २१,०००।०० | १,६००।०० | २२,६००।०० |
| ७८ | कुचीकार | श्री मनबहादुर दरै | २१,०००।०० | १,६००।०० | २२,६००।०० |
| ७९ | कुचीकार | श्री कृष्णे कुमाल | २१,०००।०० | १,६००।०० | २२,६००।०० |
| ८० | कुचीकार | श्री नानुमाया गैरे | २१,०००।०० | १,६००।०० | २२,६००।०० |
| ८१ | कार्यालय सहयोगी | श्री विमला अछामी | २१,०००।०० | १,०००।०० | २२,०००।०० |
| ८२ | कार्यालय सहयोगी | श्री बसुन्धरा जमरकट्टेल | २१,०००।०० | १,०००।०० | २२,०००।०० |
| ८३ | कार्यालय सहयोगी | श्री रामहरि मिश्र | १८,५००।०० | ०।०० | १८,५००।०० |
| ८४ | कार्यालय सहयोगी | श्री मानकाजी श्रेष्ठ | १८,५००।०० | ०।०० | १८,५००।०० |
| ८५ | कार्यालय सहयोगी | श्री सिताराम आले | १८,५००।०० | ०।०० | १८,५००।०० |
| ८६ | कार्यालय सहयोगी | श्री कुमारी श्रेष्ठ | १८,५००।०० | ०।०० | १८,५००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८७ | भान्से | श्री नेत्रबहादुर फङजामगर | १८,५००।०० | ०।०० | १८,५००।०० |
| ८८ | भान्से | श्री तिलमाया थापा मगर | १८,५००।०० | ०।०० | १८,५००।०० |
| ८९ | कार्यालय सहयोगी | श्री राममाया राना | १८,५००।०० | ०।०० | १८,५००।०० |
| ९० | कार्यालय सहयोगी | श्री भारती थापा | १८,५००।०० | ०।०० | १८,५००।०० |
| ९१ | कार्यालय सहयोगी | श्री रविना थापा | १८,५००।०० | ०।०० | १८,५००।०० |
| ९२ | भान्से | श्री विनोद राना | १८,५००।०० | ०।०० | १८,५००।०० |
| ९३ | कुचीकार | श्री सान्ती दरै | १८,५००।०० | ६००।०० | १९,१००।०० |
| ९४ | कुचीकार | श्री विरेन्द्र बहादुर दरै | १८,५००।०० | ६००।०० | १९,१००।०० |
| ९५ | कुचीकार | श्री जिवन कुमाल | १७,९००।०० | ६००।०० | १८,५००।०० |
| ९६ | कुचीकार | श्री भिमबहादुर दरै | १७,९००।०० | ६००।०० | १८,५००।०० |
| ९७ | कुचीकार | श्री गोविन्द बोटे | १७,९००।०० | ६००।०० | १८,५००।०० |
| ९८ | कुचीकार | श्री निमन श्रेष्ठ | १७,९००।०० | ६००।०० | १८,५००।०० |
| ९९ | कुचीकार | श्री सन्तबहादुर दरै | १७,९००।०० | ६००।०० | १८,५००।०० |
| १०० | कुचीकार | श्री विर बहादुर दरै | १७,९००।०० | ६००।०० | १८,५००।०० |
| १०१ | का.स. | श्री आनन्द कुमारी घर्ती | १४,५००।०० | ०।०० | १४,५००।०० |
| १०२ | का.स. | श्री चन्द्रकुमारी थापा | १४,५००।०० | ०।०० | १४,५००।०० |
| १०३ | का.स. | श्री अनिता कुमाल | १४,५००।०० | ०।०० | १४,५००।०० |
| १०४ | सामाजिक परिचालक | श्री शर्मिला आचार्य | १४,५००।०० | ०।०० | १४,५००।०० |
| १०५ | सामाजिक परिचालक | श्री सर्मिला थापा | २३,०००।०० | ०।०० | २३,०००।०० |
| १०६ | ना.प्रा.स. | श्री मोहन वि.क. | २३,०००।०० | ०।०० | २३,०००।०० |
| १०७ | ना.प्रा.स. | श्री सपना पौडेल | १९,०००।०० | ०।०० | १९,०००।०० |
| १०८ | ना.प्रा.स. | श्री प्रिया भण्डारी | १९,०००।०० | ०।०० | १९,०००।०० |
| १०९ | ना.प्रा.स. | श्री पार्वती परियार | १९,०००।०० | ०।०० | १९,०००।०० |
| ११० | ना.प्रा.स. | श्री अनिल मिश्र | १९,०००।०० | ०।०० | १९,०००।०० |
| १११ | ना.प्रा.स. | श्री सन्तोष न्यौपाने | १९,०००।०० | ०।०० | १९,०००।०० |
| ११२ | ना.प्रा.स. | श्री निराज राना | १९,०००।०० | ०।०० | १९,०००।०० |
| ११३ | ना.प्रा.स. | श्री नारायणी पौडेल | १९,०००।०० | ०।०० | १९,०००।०० |
| ११४ | ना.प्रा.स. | श्री गोपीचन्द्र न्यौपाने | १९,०००।०० | ०।०० | १९,०००।०० |
| ११५ | ना.प्रा.स. | श्री तिर्थराज रानाभाट | १९,०००।०० | ०।०० | १९,०००।०० |
| ११६ | हे.अ. | मुकेशकुमार शाह | ३०,२००।०० | | ३०,२००।०० |
| ११७ | ,, | अनु सापकोटा | ३०,२००।०० | | ३०,२००।०० |
| ११८ | ,, | सुगतचन्द्र हड्खले | ३०,२००।०० | | ३०,२००।०० |
| ११९ | ,, | शान्ती श्रेष्ठ | ३०,२००।०० | | ३०,२००।०० |
| १२० | ,, | सरिता मिश्र | ३०,२००।०० | | ३०,२००।०० |
| १२१ | ,, | विन्दु गौतम | ३०,२००।०० | | ३०,२००।०० |
| १२२ | ,, | प्रशन के.सी. | ३०,२००।०० | | ३०,२००।०० |
| १२३ | ,, | सुनिल अधिकारी | २२,०००।०० | | २२,०००।०० |
| १२४ | ,, | मिना लौडारी | २२,०००।०० | | २२,०००।०० |
| १२५ | स्टा.न. | निशा राना | २२,०००।०० | | २२,०००।०० |
| १२६ | ल्या.टे. | प्रमिला गुरुङ | २२,०००।०० | | २२,०००।०० |
| १२७ | ल्या.अ. | पवित्रा पौडेल | २१,०००।०० | | २१,०००।०० |
| १२८ | अ.हे.व. | देवेन्द्र कार्की | २८,६१०।०० | | २८,६१०।०० |
| १२९ | ,, | सचिता मल्ल | २८,६१०।०० | | २८,६१०।०० |
| १३० | ,, | उज्वल न्यौपाने | २१,०००।०० | | २१,०००।०० |
| १३१ | ,, | चन्द्रकला पन्थी | २१,०००।०० | | २१,०००।०० |
| १३२ | ,, | कमला गुरुङ | २१,०००।०० | | २१,०००।०० |
| १३३ | ,, | सरिता बोटे | २१,०००।०० | | २१,०००।०० |
| १३४ | ,, | रसिता अधिकारी | १९,०००।०० | | १९,०००।०० |
| १३५ | ,, | अमृता थापा | १९,०००।०० | | १९,०००।०० |
| १३६ | ,, | पदमकुमारी श्रेष्ठ थापा | १९,०००।०० | | १९,०००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १३७ | ,, | अम्बिका खनाल सिग्देल | १९,०००।०० | | १९,०००।०० |
| १३८ | ,, | सरिता थापा | १९,०००।०० | | १९,०००।०० |
| १३९ | ,, | सावित्री आले | २२,०००।०० | | २२,०००।०० |
| १४० | अ.न.मि. | समिक्षा वगाले | २८,६१०।०० | | २८,६१०।०० |
| १४१ | ,, | रक्षा काफ्ले | २८,६१०।०० | | २८,६१०।०० |
| १४२ | ,, | सरिता थापा | २८,६१०।०० | | २८,६१०।०० |
| १४३ | ,, | नारायणी थापा | २८,६१०।०० | | २८,६१०।०० |
| १४४ | ,, | शान्ती लामिछाने | २१,०००।०० | | २१,०००।०० |
| १४५ | ,, | सूशिला सेवा परियार | २१,०००।०० | | २१,०००।०० |
| १४६ | ,, | आरुशी कैनी | २१,०००।०० | | २१,०००।०० |
| १४७ | ,, | सन्जिता मिश्र | २१,०००।०० | | २१,०००।०० |
| १४८ | ,, | नेविका श्रेष्ठ | १९,०००।०० | | १९,०००।०० |
| १४९ | ,, | गिता पाण्डे | १९,०००।०० | | १९,०००।०० |
| १५० | ,, | प्रतिक्षा अधिकारी | १९,०००।०० | | १९,०००।०० |
| १५१ | ,, | लक्ष्मीकुमारी ढकाल | १९,०००।०० | | १९,०००।०० |
| १५२ | का.स. | भगवती तिवारी | १८,०००।०० | | १८,०००।०० |
| १५३ | ,, | विष्णुमाया ओझा | १८,०००।०० | | १८,०००।०० |
| १५४ | ,, | नर्वदा खनाल | १८,०००।०० | | १८,०००।०० |
| १५५ | ,, | गिता पन्थ | १८,०००।०० | | १८,०००।०० |
| १५६ | ,, | विरेन्द्र सोती | १८,०००।०० | | १८,०००।०० |
| १५७ | ,, | तिर्थबहादुर थापा | १८,०००।०० | | १८,०००।०० |
| १५८ | ,, | विनिता आले | १८,०००।०० | | १८,०००।०० |
| १५९ | ,, | रिता परियार | १८,०००।०० | | १८,०००।०० |
| १६० | ,, | होममाया राना | १८,०००।०० | | १८,०००।०० |
| १६१ | ,, | मनु सिं | १८,०००।०० | | १८,०००।०० |
| १६२ | ,, | लक्ष्मी श्रेष्ठ | १८,०००।०० | | १८,०००।०० |
| १६३ | ,, | रमिला अधिकारी | १८,०००।०० | | १८,०००।०० |
| १६४ | ,, | सविता भट्टराई तिवारी | १८,०००।०० | | १८,०००।०० |
| १६५ | ,, | पार्वती श्रेष्ठ | १८,०००।०० | | १८,०००।०० |
| १६६ | ,, | सुनिता न्यौपाने | १४,५००।०० | | १४,५००।०० |
| १६७ | ,, | काशीराम दरै | १४,५००।०० | | १४,५००।०० |
| १६८ | ,, | उपेन्द्र विक्रम राणा | १४,५००।०० | | १४,५००।०० |
| १६९ | ,, | कोपिला खड्का न्यौपाने | १४,५००।०० | | १४,५००।०० |
| १७० | ,, | शान्ता दवाडी | १४,५००।०० | | १४,५००।०० |
| १७१ | ,, | सुष्मा तिमल्सेना | १४,५००।०० | | १४,५००।०० |
| १७२ | ,, | दिव्य सुनाम परियार | १४,५००।०० | | १४,५००।०० |
| १७३ | ,, | अन्जना ढुगाना | १४,५००।०० | | १४,५००।०० |
| १७४ | ,, | मिरा थापा मगर | १४,५००।०० | | १४,५००।०० |
| १७५ | ,, | दिलु थापा | १४,५००।०० | | १४,५००।०० |
| १७६ | ,, | देवी श्रेष्ठ | १४,५००।०० | | १४,५००।०० |
| १७७ | ,, | पार्वती सुवेदी अधिकारी | १४,५००।०० | | १४,५००।०० |
| १७८ | ,, | पवित्रा थापा | १४,५००।०० | | १४,५००।०० |
| १७९ | ,, | दिक्षित न्यौपाने | १४,५००।०० | | १४,५००।०० |
| १८० | ,, | श्री पुन्न खनाल न्यौपाने | १४,५००।०० | | १४,५००।०० |
| १८१ | ,, | श्री सरला छिमाल | १४,५००।०० | | १४,५००।०० |
| १८२ | अ.न.मी. | निर्मला खनाल | २०,०००।०० | | २०,०००।०० |

**<u>निर्णय नं.३०</u> :** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ मानुङ क्षेत्रको विकासका लागि यस नगरपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन २०७७ तथा सो सम्बन्धी नियमावली २०७७ बमोजिम हुने गरी श्री व्यास हिल्स प्रा.लि. काठमाण्डौलाई आफ्नौ लगानीमा वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदन तयारीको लागि अनुमति प्रदान भएकोमा उक्त प्रा.लि.बाट वातावरणीय प्रभाव मूल्यांकनको प्रतिवेदन तयार गरी नगरपालिकामा पेश भएको हुँदा उक्त प्रतिवेदन स्वीकृतको लागि गण्डकी प्रदेश सरकार वन, वातावरण तथा भूसंरक्षण मन्त्रालय समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.३१</u> :** प्रस्ताव नं.३१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ स्थित दमौली सेन्ट्रल पार्क पूर्वाधार निर्माणको लागि नगर सभाबाट शीर्षक नं.८५७ मा रु.५०,००,०००। (पचास लाख) विनियोजन भएकोमा स्वीकृत डि.पि.आर. बमोजिम रु.४०,००,०००। बाट बोलपत्र मार्फत पूर्वाधार निर्माण सम्बन्धी कार्य अगाडि बढाउने र बाँकी रु.१०,००,०००। (दश लाख) बालबालिकाको लागि खेलकुद सामग्रीहरु खरिद गरी जडान गर्ने गरी नियमानुसार खरिद प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।